मिति २०७८/०१/१२ गतेको (मा. मन्त्रीस्तर) निर्णय अनुसार पहिलो संशोधन।

मन्त्री

रोडकोरिडोर/राजमार्ग लक्षित तथा मीसन (आलु र मकै बाली) कार्यक्रम सञ्चालन विधि, २०७७ का निम्न दफा र उपदफाहरूमा संशोधन गरिएको छ।

संशोधन भई कायम हुने दफा तथा उपदफाहरूः

१. दफा १५ को उपदफा २३ को सट्टा देहायको उपदफा २३ राखिएको छः "(२३) तेस्रो बर्षमा उक्त समितिलाई सहकारीकरण गर्न सकिनेछ।"

२. दफा १७ को उपदफा ३ को सट्टा देहायको उपदफा ३ राखिएको छः "(३) रोडकोरिडोर तर्फ भुक्तानी प्रक्रिया बैंक मार्फत हुनेछ। बैंक खाता समिति वा क्लष्टरका समूह वा सहकारीको नाममा संचालन हुनेछ।"

३. दफा १७ को उपदफा ४ को सट्टा देहायको उपदफा ४ राखिएको छः "(४) समिति वा क्लष्टरका समूह वा सहकारी गठन गरी स्विकृत कार्य योजनाका आधारमा सम्झौता पश्चात् बढिमा २५ प्रतिशत रकम समिति वा समूह वा सहकारीको खातामा जम्मा गरिनेछ र बाँकी रकम तोकिएको काम सम्पन्न गरे पश्चात् दोश्रो किस्ता बैंक खाता मार्फत् जम्मा गरिनेछ। यदि समूह वा सहकारीलाई सोझै भुक्तानी गर्ने हो भने समितिले क्लष्टरका समूह वा सहकारीलाई कार्यालय समक्ष अनिवार्य सिफारिस गरेको हुनु पर्नेछ।"

४. दफा २२ थप गरिएको छः "२२ यस अघि सम्झौता भई कार्य सम्पन्न भएका र कार्यान्वयन चरणमा रहेका कार्यक्रमहरूको हकमा भने यस अघिकै सञ्चालन विधिमा रहेको ब्यवस्था अनुसार हुनेछ।"

Scanned with CamScanner